स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

पोहोर पनि नाचियो, परार पनि नाचियो, यसपाली झनै नाच्ने हो, नाचेको नाच्यै गर्ने हो, मनले चिताको नपुगेसम्म नाचेको नाच्यै गर्ने हो । गायिका मिलन नेवारले यस वर्षको तीजका लागि सार्वजनिक गरेको गीतका शब्द हुन् यी । राजनराज सिवाकोटीको शब्द तथा संगीत रहेको यो गीतमा नाचेर , रमाएर शिवलाई खुसी पार्ने भाव समेटिएको छ । गीतमा दीक्षित पौडेलको एरेन्ज रहेको छ । गीतको भिडियोमा शिवको स्तुति गर्दै नाचिरहेको भूमिकामा मिलन स्वयं फिचर्ड छिन् ।

आजको विचार...

.....

(दुई पेजमा)

दुर्गाप्रसाद अर्याल

अभिनेत्री नम्रता श्रेष्ठले दिवंगत अभिनेता सानु ताम्राकार र उनका छोरा अभिनेता सारुक ताम्राकारलाई श्रद्धाञ्जली दिएकी छन् । नम्रताले सामाजिक सञ्जालमा बावु र छोराको तस्वीर राखेर श्रद्धाञ्जली दिएकी हुन् । सारुकको डेढ महिना अगाडि र सानुको शनिबार निधन भएको थियो । 'ह्यासट्याग माया'को छायांकनमा व्यस्त रहँदा सारुकले आफ्नै घरमा आत्महत्या गरेका थिए । यो फिल्ममा अभिनेत्री नम्रता श्रेष्ठले शीर्ष भूमिकामा अभिनय गरिरहेकी थिइन् । सारुकको आत्महत्यालाई लिएर नम्रता विवादमा समेत तानिँदै आएकी थिइन् ।

❒ वर्ष २९ ❒ अंक ४३ ❒ २०८० भदौ ११ गते सोमबार 28 August 2023, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

संसदीय समिति सभापतिको निर्वाचन

१० पदमा ११ को उम्मेदवारी निर्वाचन आज हुँदै

हाम्रा संवाददाता

पाल्पा, भदौ १०/प्रतिनिधिसभा अन्तर्गतका विभिन्न १० विषयगत समितिको सभापति पदको निर्वाचनका लागि उम्मेदवारी मनोनयन दर्ता भएको छ । आज हुने निर्वाचनका लागि सत्तारुढ दलसहित प्रतिपक्षी दलका सांसदहरूले उम्मेदवारी दर्ता गराएका हुन् । प्रतिनिधिसभाको सम्बन्धित समितिको कुनै सदस्यलाई सभापतिमा निर्वाचित गरियोस् भनी कुनै अर्को एक सदस्यको समर्थनसहित उम्मेदवारी मनोनयन दर्ता भएको हो ।

आइतबार भएको मनोनयन दर्तामा १० सभापति पदका लागि ११ जनाको उम्मेदवारी परेको संघीय संसद् सचिवालयले जनाएको छ । दशमध्ये नौ समितिको सभापतिमा एकल उम्मेदवारी परेको छ भने उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिमा दुई जनाको उम्मेदवारी परेको छ । जसअनुसार काँग्रेसले कृषि, सहकारी तथा प्राकृति स्रोत समिति, संयुक्त संसदीय सुनुवाइ समिति, सुशासन समिति र अर्थ समितिमा उम्मेदवारी दिएका छन् । कृषिमा आरजु राणा, संयुक्तमा जीवन परियार, सुशासनमा रामहरि खतिवडा र अर्थमा सन्तोष चालिसेले उम्मेदवारी दिएका हुन् । त्यस्तै माओवादीबाट सांसद विमला सुवेदीले कानुन न्याय तथा मानव अधिकार समिति, जसपाका सांसद राजकिशोर यादवले अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समिति, एकीकृत समाजवादीका भानुभक्त जोशीले शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समिति र जनमतका अब्दुल खानले उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता समितिमा उम्मेदवारी दिएका छन् । उद्योगमा रास्वपाका गणेश पराजुलीले पनि उम्मेदवारी दिएका छन् । त्यस्तै प्रतिपक्षी दलतर्फ नेकपा एमालेका सांसद ऋषिकेश पोखरेलले लेखा समिति, किरण कुमार साहले महिला तथा सामाजिक मामिला समिति र राप्रपाका दीपक सिंहले पूर्वाधार विकास समितिको सभापतिमा उम्मेदवारी दिएका छन् । प्रतिनिधिसभाको निर्वाचन भएको नौ महिनापछि मात्र संसदीय समितिको नेतृत्व चयन प्रक्रिया अघि बढेको हो । 'मिनी पार्लियामेन्ट'का रूपमा लिइने संसदीय समितिको नेतृत्व चयन हुन नसक्दा समितिको काम प्रभावकारी हुन सकेको थिएन । प्रतिनिधिसभा नियमावलीमा भएको व्यवस्थाअनुसार संसदीय समितिमा सभामुखले तोकेको दिन सभापतिको निर्वाचन हुने र त्यसको सूचना सचिवले ४८ घण्टाअगावै प्रकाशन गर्नुपर्ने प्रावधान छ । निर्वाचन तालिका अनुसार आज सभापतिका लागि निर्वाचन हुन लागेको हो । प्रतिनिधिसभाका १० र दुई वटा संयुक्त समितिका सभापति चयन भएका छैनन् । सभामुखले सभापति चयनका लागि मिति नतोक्दा र राजनीतिक दलहरूले चासो नराख्दा संसदीय समितिहरू प्रभावहीन हुँदै आएका छन् ।

तस्विर : रासस

सक्षिप्त समाचार

मौसममा सुधार

पाल्पा, भदौ १०/केही दिनदेखि परेको लगातारको वर्षा आइतबारदेखि भने केही सुधार भएको छ । पश्चिम क्षेत्रबाट मौसम केही सुधार हुँदै गएकाले आइतबारदेखि मौसममा केही सुधार आएको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

मनसुनको न्यूनचापीय रेखा सरदर स्थानभन्दा उत्तरमा छ । साथै नेपालमा अहिले भारतको उत्तर प्रदेशको उत्तरपूर्वी क्षेत्रमा रहेको न्यूनचापीय क्षेत्र र बङ्लादेशको उत्तरी भू-भागमा रहेको न्यूनचापीय क्षेत्रको समेत प्रभाव छ । लगातारको वर्षा रोकिए पनि देशका केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना भने कायमै रहने छ । हिजो दिउँसो मधेस र लुम्बिनी प्रदेशका थोरै स्थानमा हावाहुरी आएपनि सामन्यत मौसमा सुधार आएको छ ।

करेन्ट लागेर एकको मृत्यु

बुटवल, भदौ १०/रुपन्देहीमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । जिल्लाको रोहिणी गाउँपालिका-४ सुईलिहवास्थित गोएल मेटल उद्योगमा काम गर्ने रौतहट गुजरा नगरपालिका-६ बेदौलीका १९ वर्षीय पप्पु पासवानको करेन्ट लागेर मृत्यु भएको हो ।

पासवान मिक्चर मेसिनमा काम गर्ने क्रममा करेन्ट लागेर शनिबार गम्भीर घाइते भएका थिए । उनको भिम अस्पताल भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो ।

सूचना ! सूचना !! सूचना !!!

यस तानसेन खानेपानी उपभोक्ता समितिको मिति २०८० साल श्रावण महिनाको १९ गते बसेको कार्य समितिको बैठकको निणर्य अनुसार धारा नामसारी गर्न ईच्छुक उपभोक्ताहरुले मिति २०८० साल भाद्र २५ गते भित्र यस कार्यालयमा सर्म्पक गरी आवश्यक कागजातहरु पेश गरी नामसारीको लागि निबेदन दिनुहुन जानकारी गराईन्छ । साथै निवेदन दैनिक रुपमा दर्ता गरेता पनि यस समितिको निकट भविश्यमा हुने मतदानमा भाग लिन तथा उम्मेदवार हुन २०८० भाद्र २५ गते सम्म निबेदन दर्ता गराउनुहुन समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

अनुरोधक
मोहन प्रसाद श्रेष्ठ
अध्यक्ष
तदर्थ समिति एवं
तानसेन खानेपानी उपभोक्ता समिति परिवार
सम्पर्क नं. : ०७५-५२२०८७

स्याङ्जाको छुर्पी अमेरिका निर्यात

गल्याङ (स्याङ्जा), भदौ १०/स्याङ्जाको वालिङ नगरपालिका-८ जैसीपँधेरास्थित अकला नमूना साना किसान कृषि सहकारीद्वारा उत्पादित छुर्पी अमेरिका निर्यात हुँदै आएको छ ।

सहकारीका अध्यक्ष पुण्यप्रसाद अर्यालले सहकारीले कृषकबाट दूध संकलन गरेर विभिन्न प्रकारका परिकार उत्पादन गर्दै आएको समेत बताए । 'हामीले यहाँ संकलित दूधबाट छुर्पी, पनिर, दही, नौनीघ्यू, आइसक्रिमलगायतका वस्तु उत्पादन गर्दै आएका छौं, छुर्पी अमेरिका निर्यात हुँदै आएको छ', उनले भने, 'दूधबाट बनेका परिकार स्थानीय बजारमा बिक्री गरेर पनि काठमाडौं निर्यात गर्ने गरेका छौं ।' अर्यालले विशेष गरेर सहकारीले उत्पादन गरेको छुर्पीमात्र अमेरिका निर्यात हुने गरेको दाबी गरे । यहाँको दुग्ध संकलन केन्द्रमा वालिङ नगरपालिका सहित दक्षिणी पर्वतबाट समेत कृषकले दूध जम्मा गर्ने गरेका छन् 'साना किसान कृषि सहकारीले सञ्चालन गरेको डेरीमा दैनिक आठ सयदेखि एक हजार एक सय लिटरसम्म दूध संकलन हुन्छ', उनले भने, 'दैनिक २५ देखि ३० किलोसम्म छुर्पी उत्पादन हुँदै आएको छ, दूधको सिजनमा छुर्पीको उत्पादन धेरै नै हुन्छ ।' अध्यक्ष अर्यालले प्रतिकिलो छुर्पीलाई एक हजारदेखि एक हजार एक सयसम्म पर्ने बताए । उनले दूधबाट उत्पादित परिकारको बजारीकरणका लागि समस्या नभएको बताए । सहकारीका प्रबन्धक लक्ष्मी पोखेल रेग्मीले प्रतिलिटर दुई रुपैयाँ ५० पैसा दूधमा दिएको अनुदानले कृषक व्यावसायिक गाईभैंसीपालनमा आकर्षित हुँदै गएको बताइन् ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

सम्पादकीय

बढ्दो ठगी रोक

वैदेशिक रोजगारमा जाने कयौ नेपालीहरु ठगिने क्रम बढ्दो छ । नेपालका कतिपय मेनपावरले रोजगारीको लोभमा वर्षौंदेखि हजारौं युवायुवतीलाई पटक–पटक ठगिरहेका छन् । सरकारले वैदेशिक रोजगारमा एजेन्टको संलग्नतालाई गैरकानुनी मान्दै व्यक्तिगत प्रक्रियामा रोक लगाएको वर्षौं भएपनि व्यक्तिगत ठगीमा कमी आएको छैन । संस्थागत रूपमा भने वैदेशिक रोजगारीमा जाने कामदारबाट तोकिएको भन्दा बढी शुल्क लिएको, सम्झौतामा उल्लेख भएको भन्दा फरक काम दिएको, सम्झौतामा उल्लेख भएको भन्दा घटी पारिश्रमिक दिएको लगायतका उजुरी पर्ने गरेका छन् तर पनि कारवाही भएको छैन । मेनपावरविरुद्ध सयौं पटक उजुरी पर्दा वैदेशिक रोजगारीको नियमन र व्यवस्थापन गर्ने जिम्मेवारी लिएका निकाय तैं चुप मैं चुपको अवस्थामा छन् । यो अत्यन्त दुःखको कुरा हो ।

वैदेशिक रोजगारीका क्रममा ठगिएका पीडितहरुको फेहरिस्त विभागलाई जाहेर नै छ तर, पनि सरकारले यसलाई नियन्त्रण गर्न अनुगमन संयन्त्र प्रभावकारी बनाउन सकिरहेको छैन । वैदेशिक रोजगारीका नाममा हुने ठगी डरलाग्दो देखिन्छ । वैदेशिक रोजगारीमा जाने अधिकांश युवा गाउँघरकै दाजुभाइ दिदीबाहिनी, आफन्त, सहरका वैदेशिक रोजगार व्यवसायी कम्पनी, ट्राभल एजेन्सी, एजुकेसन कन्सल्टेन्सी, तालिम प्रदायक संस्था र स्वास्थ्य संस्था लगायतबाट ठगिने गरेका छन् । सरकारले ढगी गर्नेहरुलालई कडा कानुनी कारवाही गर्नुपर्ने हो तर त्यसो गर्न सकिरहेको छैन । वैदेशिक रोजगारीमा ठगी नियन्त्रण गर्न सरकारले विगतदेखि नै पहल थालेको जनाए पनि सफल हुन नसक्नु दुखद् हो । दिनहुँजसो युवाहरु ठगिन बाध्य भइरहेका छन् । नेपालमा रोजगारीका अवसरहरु नभए पछि उनीहरु एजेन्टमार्फत ठगिन बाध्य भएका हुन् । सरकारले के स्वदेशमै युवाहरुलाई रोजगारीका अवसर सिर्जना गरिदिनुपर्‍यो होइन भने सहज तरिकाले वैदेशिक रोजगारमा जाने वातावरण सिर्जना गरिदिनुपर्छ । ठगी गर्ने जो कोहीलाई कानुनी कठघारमा ल्याएर सहज रुपमा विदेश जाने वातावरण बनाईदिने कुरामा सरकार गम्भीर भएर लाग्न जरुरी छ ।

Opinion @ Social Network

सम्हालिएर हिँड्नुपर्छ यो दुनियाँमा,
आँफै लडाएर सोध्छन् कतै चोट त लागेन !
(सन्तोष पोखरेलको फेसबुक स्टाटस https://www.facebook.com/santosh.pokharel)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

गणतन्त्रका निरीह सरकार र राजनीतिक दलहरु

दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

जतातत‌ै बेथिती र गैर कानुनी कार्यले प्रोत्साहन पाईरहेको छ । राज्यका संयन्त्रहरु सुशाशन र विधिको शासन स्थापित गर्न नसक्ने भईसकेका छन् । सरकारहरु केहि काम गर्न नै नसक्ने भईसकेको छ । दल र तीनका नेतृत्वहरु कार्यकर्तालाई ढाक छोप गर्दा नै समय बेथित गरिरहेको देखिन्छ । जनतालाई जे बोल्न र जे गर्न पनि छुट जस्तै देखिन्छ । ठूला दलका नेतृत्वहरु, तीनका आसेपासे झोले कार्यकर्ताहरु हान्ने साडे जस्तै देखिन्छन् । राष्ट्रहित विपरीतका भाषण गर्न ,बोल्न अनि लेख्न छुट छ । विदेशी प्रभुहरुलाई खुशी पार्न विभिन्न ऐन बनाउन र संशोधन गर्न आतुर छन् सरकार अनि राजनीतिक दलहरु । राष्ट्र र राष्ट्रियताका कुराहरु ओझेल परे जस्तै देखिन्छ । केहि अराजक तत्वबाट बेला-बेलामा ऐन, कानुन, संविधान विपरीतका कार्यहरु गरेर सरकारलाई खुला चुनौती दिईरहेको देखिन्छ तर तीनलाई कारवाही गरि कानुनको पालना गराउन सरकार निरीह जस्तै देखिन्छ । यी र यस्ता विविध पक्षमा केन्द्रीत रहेर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

देशको सर्वोच्च पदमा जनताका छोरा पुग्ने जनअपेक्षित शासन व्यवस्था हो । गणतन्त्र विश्वका अन्य देशहरुमा यसको लोकप्रिय अभ्यास भईरहेको पनि देखिन्छ तर हाम्रो देशमा भने यो शासन व्यवस्था सुरुवातीको छोटो समयमै हरेक पक्षबाट अलोकप्रिय र आलोचित हुँदै गएको हो की ? आशंका उत्पन्न भएको देखिन्छ । यस्तै अवस्था विद्यमान भै रहयो भने कतै यो व्यवस्था पनि असफल हुने त होइन ? जनताहरु यसैलाई लिएर छलफल र चिया गफको विषय बनाएको देखिन्छ । किन नेपालमा हाल सम्मकै उत्कृष्ट मानिएको शासन व्यवस्था सञ्चालनको छोटो समयमै आलोचित र असफल भएको होला चिन्ताको विषय बनेको देखिन्छ तर यसको एउटै उत्तर हो व्यवस्था परिवर्तन भयो तर नेतृत्व गर्ने नेतृत्व परिवर्तन हुन सकेन । नेतृत्वको कार्यशैली परिवर्तन हुन् सकेन । राणा शासनदेखि गणतन्त्रसम्म आईपुग्दा शासन व्यवस्था सञ्चालन गर्ने नेतृत्व उहि नै दोहोरिएको देखिन्छ । परिवर्तित शासन व्यवस्थामा कार्यशैली भने उहि । व्यवस्था परिवर्तन सँगै जनताले आफ्नो व्यवहार र नेतृत्व परिवर्तन गर्न नसक्दा जुन जोगी आए पनि उहि भन्ने नेपाली उखान जस्तै भऐका छन् नेपालका शासन व्यवस्थाहरु अनि जनतालाई कागलाई बेल पाक्यो हर्ष न बिस्मात जस्तै ।

सरकार र मुख्य राजनीतिक दलहरु शासन व्यवस्था सञ्चालन र सुशाशन स्थापित गर्ने कार्यमा निरीह देखिने गरेको पाईन्छ । उनीहरु आफ्ना कार्यकर्ता र आसेपासेलाई अगाल्दा अगाल्दै, आफ्ना नजिकका अपराधिलाई संरक्षण गर्दा गर्दै विधिको शासन स्थापित गर्न असफल जस्तै देखिन्छन् । निर्मला बलात्कार हत्या काण्ड, पछिल्लो समय देखा परेका काण्डै काण्ड , रेश्म चौधरी जसको चौतर्फी टीकापुर घटनाको नाईके/अपराधीको प्रस्ट पहिचान हुनु । न्यायलयले दोषी ठहर गर्दा गर्दै आम माफीको नाममा सत्ता टिकाउनका लागि उन्मुक्ती दिनु, भष्ट्रचार र बेथितिको दर अत्याधिक बढ्दै जानु तर यसलाई नियन्त्रण गर्न नै नसक्नु, विभिन्न किसिमका काण्डहरु एक पछि अर्को आई रहनु, जिम्मेवार निकायका जिम्मेवार व्यक्ति गैर जिम्मेवार अभिव्यक्ति दिदै हिड्नु, राष्ट्रियताका विषयमा राज्य ज्यादै कमजोर हुँदै जानु, सत्ता प्राप्ति र सत्ता टिकाउनका लागि जे सुकै कार्य गर्न पनि पछि नपर्नु, क्षमता र विज्ञताको कदर होइन् राजनीतिक र भागबण्डाको राजनीतिले तिब्रता पाउनु, राज्यका निकायहरु कमजोर बन्दै जानु, राज्यले वितरण गर्ने पुरस्कार तथा सम्मान योगदानका आधारमा हैन राजनीति भागबण्डा र हजुरीका आधारमा हुनु, ऐन नियमहरु राष्ट्र हितका लागि हैन व्यक्तिगत हितका लागि बनाईनु, आफु अनुकुलका लागि पटक-पटक परिवर्तन भैरहनु, विकास तथा योजनाहरुमा कमिशनको चकरले समयमा र गुणस्तरीय हुन सकिरहेको देखिदैन तर अनुगमन र कारवाही गर्ने निकाय बेखवर जस्तै देखिन्छन् । देश विधिमा हैन आदेशमा सञ्चालन गर्ने अभ्यासलाई बढावा दिदै लानु । कुनै पनि सरकारलाई सहज काम गर्न नदिनु विभिन्न किसिमका समस्याहरु उत्पन्न गराईरहनु । सरकार, संसदले होइन आन्दोलन र भिडले निर्णयमा प्रभाव पार्नु यी केहि गणतन्त्रमा उत्पन्न बेथिती तथा सरकार/दलका निरीहता भएको प्रष्ट देखिन्छ । गणतन्त्र, सस्तो लोकप्रियता र भोटको आशमा राजनीतिक दल र तीनका नेतृत्वले जातीय, क्षेत्रीय तथा धार्मिक एकता र सहिष्णुतामा खलबल ल्याउने कायलाई पटक-पटक प्रोत्साहन गरेको देखिन्छ भने राज्यद्वारा यस्ता कार्य गर्ने व्यक्ति र समूहलाई कारवाहिको दायरामा ल्याउन नसकी निरिहता प्रस्तुत गरेको देखिन्छ । जनता भन्दैछन् राजालाई जत्तिको देश र जनताको माया गणतन्त्रमा रमाउने सरकार सञ्चालक र राजनीतिक दलहरुमा देखिएन । उनीहरुमा देश भन्दा माथि आफ्नो राजनीतिक दल र आफ्नो राजनीतिक दल भन्दा माथि आफ्नो गुटलाई राख्दा नै समय बेथीत गरेको देखिन्छ । उनीहरुलाई देश र जनताको पक्षमा सोच्ने र काम गर्ने फुर्सद नै देखिदैन् । संसद कार्यकालको अधिकाश समय ठूला राजनीतिक दलहरुको सत्ता परिवर्तन, आरोप प्रत्यारोपमा नै विताएको देखिन्छ ।

विकास र जनताको जीवनस्तर सुधारका नाममा पटक-पटक शासन व्यवस्था परिवर्तन भैरहनु तर देश विकास र जनताको जीवनस्तर दिनप्रती दिन कमजोर हुँदै जानु राम्रो पक्ष भने मान्न सकिदैन । जनता र देशको लागि भन्दै अरबौ ऋण लिएर बजेटको आकार बढाउँदै लैजानु, विकास भएन भनेर तीन तहका सरकारको परिकल्पना गर्नु तर राणा शासन, पञ्चायत शासन व्यवस्थामा जस्तै सिमित वर्ग मात्रै रमाउने अबस्था सिर्जना हुनु राम्रो पक्ष भने पक्कै होइन । गणतन्त्र पछिका सरकारको मुख्य कमजोरी भिडको पछाडी लाग्नु, ऐन नियमको पालना गराउन नसक्नु , राज्यका संयन्त्रहरुलाई चुस्तदुरुस्त सञ्चालन गर्न नसक्नु/काम गर्नु नदिनु देखिन्छ तर यस पक्षमा सुधार हुने कुनै सम्भावना पनि देखिदैन । उल्लेखीत कुराहरुमा सुधार नभए एकातिर जनताका नाममा गरिएको अरबौ खर्च अनुत्पादक र राज्यको पछिल्लो संरचनाको कुनै अर्थ देखिदैन् भने यस बाट राजनीतिक दलहरु मात्रै होइन सर्वपरी उत्कृष्ट मानिएको गणतान्त्रिक शासन व्यवस्था नै असफल सावित हुने देखिन्छ । छिमेकी देशले चन्द्रमा यान पठाइरहदा, आर्थिक रुपमा विश्वकै उत्कृष्ट देश बन्दै गर्दा हामी भने सधै संविधान र व्यवस्थालाई दोष दिदै मिठा सपना देख्दै व्यवस्था परिवर्तनका लागि आन्दोलन गरिरहने यो पटक्कै सुहाउदैन । सुहाउने कुरा पनि होइन त्यसैले यो अवस्था आउन नदिनका लागि जिम्मेवार राजनीतिक दल र सरकार सञ्चालकले आगामी दिनमा आफुलाई सुधार गरी निरीहता प्रस्तुत नगर्ने की ?

(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)

> ***गणतन्त्र विश्वका अन्य देशहरुमा यसको लोकप्रिय अभ्यास भईरहेको पनि देखिन्छ तर हाम्रो देशमा भने यो शासन व्यवस्था सुरुवातीको छोटो समयमै हरेक पक्षबाट अलोकप्रिय र आलोचित हुँदै गएको हो की ? आशंका उत्पन्न भएको देखिन्छ । यस्तै अवस्था विद्यमान भै रहयो भने कतै यो व्यवस्था पनि असफल हुने त होइन ? जनताहरु यसैलाई लिएर छलफल र चिया गफको विषय बनाएको देखिन्छ । किन नेपालमा हाल सम्मकै उत्कृष्ट मानिएको शासन व्यवस्था सञ्चालनको छोटो समयमै आलोचित र असफल भएको होला चिन्ताको विषय बनेको देखिन्छ तर यसको एउटै उत्तर हो व्यवस्था परिवर्तन भयो तर नेतृत्व गर्ने नेतृत्व परिवर्तन हुन सकेन । नेतृत्वको कार्यशैली परिवर्तन हुन् सकेन । राणा शासनदेखि गणतन्त्रसम्म आईपुग्दा शासन व्यवस्था सञ्चालन गर्ने नेतृत्व उहि नै दोहोरिएको देखिन्छ । परिवर्तित शासन व्यवस्थामा कार्यशैली भने उहि । व्यवस्था परिवर्तन सँगै जनताले आफ्नो व्यवहार र नेतृत्व परिवर्तन गर्न नसक्दा जुन जोगी आए पनि उहि भन्ने नेपाली उखान जस्तै भऐका छन् नेपालका शासन व्यवस्थाहरु अनि जनतालाई कागलाई बेल पाक्यो हर्ष न बिस्मात जस्तै । सरकार र मुख्य राजनीतिक दलहरु शासन व्यवस्था सञ्चालन र सुशाशन स्थापित गर्ने कार्यमा निरीह देखिने गरेको पाईन्छ । उनीहरु आफ्ना कार्यकर्ता र आसेपासेलाई अगाल्दा अगाल्दै, आफ्ना नजिकका अपराधिलाई संरक्षण गर्दा गर्दै विधिको शासन स्थापित गर्न असफल जस्तै देखिन्छन् ।***

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय	
बुटवल	०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल	९७४७०४३४६९
बुटवल रामनगर	०७१–५४१२३३
भैरहवा	०७१–५२०१९९
अर्घाखाँची	०७७–५२११९९
गुल्मी	०७९–५२०१९९
परासी	०७८–५२०१९९
तौलिहवा	०७६–५६००९९
पाल्पा	०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर	०७५–६९१५१५
अस्पताल कार्यालय	
लुम्बिनीसिटी अस्पताल	०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल	०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा	०७१–५२०१९३
मिसनअस्पताल पाल्पा	०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा	०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल	०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास	०७५–४११२०१
पिचन्द्र परासी	०७८–५२०१८८
भैरहवा आँखा अस्पताल	०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल	०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल	०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल	०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल	०७१–५४४५०
बुटवल हस्पितल	०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम	०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल	५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल	५४५८४५
मेडिटेक अस्पताल	५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल	०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:	०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल:	०७५–४००१५४
एम्बुलेन्स न.	
रोटरी क्लब बुटवल	०७१–५४४६००
लियो क्लब अफ बुटवल	०७१–५४५८९३
रेडक्रस भैरहवा	०७१–५२०२६३
रेयुकाई भैरहवा	०७१–५२६६७३,९८४७०२२४६४
परासी	०७८–५२०१२५
रेडक्रस पाल्पा	०७५–५२०६००
रेडक्रस तौलिहवा	०७६–५६००१५
रेडक्रस अर्घाखाँची	०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी	०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ	०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि.	०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो.	९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल	१९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा	६२१०५८
बनगाई क्लब बनगाई	०७६–६९०१०२
रेडक्रस देवदह	०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज	०७५–५२०८४०
बुटवल जेसिस	९८४७१२९९६४
न्यू एकता क्लव तानसेन :	०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा :	९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:	९८५७०६२२४७,९८५७०६०५०४

दैनिक राशिफल

मेष : पेसा व्यवसायका क्षेत्रमा उन्नति प्रगतिको राम्रो वातावरण बन्नेछ ।
वृष : व्यवसायको सन्दर्भमा रमाइलो यात्रा होला । सन्तानबाट सुख मिल्नेछ ।
मिथुन : प्रेमीको सहयोग प्राप्त हुनेछ। सांगीतिक क्षेत्रमा रुची बढ्नेछ ।
कर्कट : नयाँ कार्यको थालनी हुनेछ । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ ।
सिंह : साना तिना समस्यामा अल्झिनुपर्ने देखिन्छ । तनाव बढेको महशुस हुनेछ ।
कन्या : साथीको सहयोग र हौसला मिल्नेछ । यात्राको योग रहेको छ ।
तुला : अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । कर्म प्रति रुचि बढ्नेछ ।
वृश्चिक : पर्यटकीय स्थलको भ्रमण हुनेछ । शुभ कार्यको चर्चा चल्नेछ ।
धनु : नयाँ र शुभकार्यको चर्चा चल्नेछ। चिताएको कामले तीव्रता लिनेछ ।
मकर : धार्मिक र सांस्कृतिक सभा समारोहमा सरिक हुने सम्भावना छ ।
कुम्भ : भौतिक साधन जुटाउने समय छ । रमाइलो यात्राको योग रहेको छ ।
मीन : प्रेमबिच खिन्नता बढ्नेछ । ताकेको काम नबन्नाले दिक्क लाग्नेछ ।

आमाहरुलाई पढाउँदै सेवानिवृत्त शिक्षक

प्रकाश माध्यमिक विद्यालयबाट सेवानिवृत्त शिक्षक हरिकृष्ण सुवेदी आमाहरुलाई पढाउन पुन: स्वयंसेवक शिक्षकका रुपमा शिक्षण पेसामै फर्किएका छन् । पढ्ने रहर अधुरै भएका आमाहरुलाई लक्षित गरेर बेनीको मङ्गलाघाटमा सञ्चालित उज्यालो वैकल्पिक विद्यालयमा ६२ वर्षीय सुवेदीले स्वयंसेवक शिक्षकका रुपमा शिक्षण पेसालाई पुन:निरन्तरता दिएका हुन् । लामो समयसम्म प्रकाश माविको प्रधानाध्यापक भएर जिम्मेवारी पूरा गरेका सुवेदीले अस्थायीसहित ४३ वर्ष छ महिना १८ दिन शिक्षण गरेका थिए । विसं २०७८ फागुन १८ गते अनिवार्य अवकाश लिएर सेवानिवृत्त दैनिकीमा समय बिताउँदै आएका सुवेदी यही भदौ पहिलो सातादेखि उज्यालो वैकल्पिक विद्यालयमा जोडिएका हुन् ।

आमाहरुले अध्ययन गर्दै आएको विद्यालयमा शिक्षकको अभाव भएको र विद्यालय व्यवस्थापन समितिबाट भएको आग्रहबमोजिम आफू स्वयंसेवक भूमिकामा पुन:शिक्षणमा फर्किएको उनले बताए । "अधिकांश विद्यार्थी आमाहरु नै हुनुहुन्छ, उहाँहरुमा पढ्ने तीव्र इच्छाशक्ति छ, मेरो अनुभव र क्षमताले भ्याएसम्म उहाँहरुको सिकाइ उपलब्धि बढाउनतर्फ मेरो प्रयास रहन्छ", सुवेदीले भने । सानो उमेरमा अध्ययन गर्न नपाएका, बीचैमा विद्यालय छाडेका महिला र आमाहरुलाई लक्षित गरेर बेनी सामुदायिक विद्यालय मातृ विद्यालय रहनेगरी विसं २०७१ देखि बेनीमा उज्यालो वैकल्पिक विद्यालय सञ्चालनमा आएको थियो । अहिले सामाजिक विकास कार्यालय सञ्चालनमा रहेको तत्कालीन महिला तथा बालबालिका कार्यालयको भुँइतलामा कक्षाकोठा व्यवस्थापन गरेर कक्षा १ देखि १० सम्म पठनपाठन सञ्चालन गर्दै आइएको छ । विद्यालयमा अहिले ३३ विद्यार्थी अध्ययनरत छन् । विविध कारणले बीचैमा पढाइ छाडेका महिला र आमाहरु नै विद्यालयका विद्यार्थी हुन् । जीवनको कुनै चरणमा शिक्षाको ठक्कर लागेर अध्ययन गर्न आएका आमाहरु विद्यार्थी भएकाले पनि पठनपाठन गराउन सहज भएको शिक्षक सुवेदीको भनाइ छ ।

"विद्यालयमा सबैभन्दा गाह्रो काम भनेको विद्यार्थीलाई प्रेरणा दिनु हो, उहाँहरु आफैं पढ्नपर्छ भनेर विद्यालय आउनुभएको छ, पढ्ने उत्कृष्ट चाहना हुनु नै आधा सिकाइ हुनु हो, हामीले उहाँहरुको क्षमताको पहिचान गरेर सिकाइ उपलब्धि बढाउने गरी शिक्षण गर्ने जमर्को गर्छौं", उनले भने । शिक्षाको अवसरबाट बञ्चित भएका आमाहरुलाई साक्षर गराउने कार्यमा सहभागी हुन पाउनु आफ्ना लागि पनि योगदान गर्ने अवसर रहेको सुवेदीको भनाइ छ । शिक्षक सुवेदीसहित विद्यालयमा नवनियुक्त तीन शिक्षकलाई शुक्रबार विद्यालयमा स्वागत गरिएको छ । सेवानिवृत्त जीवन आमाहरुलाई साक्षर बनाउने कार्यमा खर्चिनु आफैंमा स्वागतयोग्य र प्रशंसनीय रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजेश शाक्यले बताए । लामो समयसम्म एउटा विद्यालयको प्रधानाध्यापक भएर विद्यालयलाई उत्कृष्ट बनाउन सफल शिक्षक सुवेदीको आगमनले उज्यालो वैकल्पिक विद्यालयको समग्र शैक्षिक विकास र गुणस्तर सुधारमा सहयोग पुग्ने अपेक्षा गरिएको अध्यक्ष शाक्यले बताए । यस विद्यालयमा अहिले ६ जना शिक्षक कार्यरत रहेका छन् । विद्यालयमा अध्ययन गरेर दुई वर्षदेखि आमाहरुले एसइई परीक्षासमेत उत्तीर्ण गर्दै आएका छन् । यस वर्षको एसइईमा नौ आमाहरु एसइईमा उत्तीण हुन सफल भएको विद्यालयका शिक्षक साहारा थापाले जानकारी दिए । उनका अनुसार विद्यालयमा ६० वर्षसम्मका आमाहरु अध्ययनरत रहेका छन् । विद्यालय सञ्चालनमा गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालय, शिक्षा विकास तथा समन्वय एकाइ र बेनी नगरपालिकाले सहयोग गरेका थिए । सहयोगको निरन्तरता नभएको र स्रोतको सुनिश्चिता नहुँदा सहयोग जुटाएर विद्यालयमा कार्यरत शिक्षकको तलब सुविधा उपलब्ध गराउनुपर्ने बाध्यता आएको विद्यालय व्यवस्थापन समितिका सहसचिव सन्दीप खत्रीले बताए । *-रासस*

पढ्दै कमाउँदै कार्यक्रमप्रति विद्यार्थीको मोह

नवलपरासी (बर्दघाट सुस्तापूर्व)को सूर्यज्योति मावि हुप्सेकोट गाउँपालिका-१ जुकेपानीमा कक्षा ९ मा अध्ययन गर्ने सरुखा तामाङ हिजोआज विद्यालयमा पढ्नेमात्र होइन, सिलाइकटाइ तालिम पनि सिक्ने गर्छिन् । विद्यालयमा हरेक दिन बिहान ६:०० देखि ७:३० बजेसम्म सिलाइकटाइ सम्बन्धी प्रशिक्षण हुन थालेको दुई महिनामा तामाङले कपडा सिलाउने धेरै अभ्यास गरिसकेकी छिन् । "सधैं किताबमात्र पढिरहँदा ध्यान केन्द्रित हुँदैन थियो तर फरक सीप सिक्दा नयाँ सीप र पढाइ दुवै राम्रो भइरहेको छ", उनले भनिन् । गत दुई महिनादेखि विद्यालयमा सञ्चालन भएको पढ्दै कमाउँदै कार्यक्रमअन्तर्गतको सिलाइकटाइ तालिममा सरुखाजस्तै सोही विद्यालयका कक्षा ९ मा अध्ययनरत ४३ विद्यार्थी सहभागी भई पढाइसँगसँगै सीप पनि सिकिरहेका छन् । कक्षाका छात्र-छात्रा सबै जना सिलाइकटाइ तालिममा सहभागी हुने गरेका छन् ।

क्याट्रिना तामाङले पनि विद्यालयमा नै दैनिक सिलाइकटाइ तालिम लिन पाउँदा खुसी लागेको बताइन् । "विद्यालयमा पढाइमात्र हुने गरेको थियो तर यो वर्षदेखि सिलाइकटाइ तालिम पनि सुरु भएको छ, हामीलाई धेरै प्रभावकारी भइरहेको छ", उनले भनिन् । हुप्सेकोट गाउँपालिकाले विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम लागू गरी १२ वटा माध्यमिक विद्यालयमा फरक-फरक सीपमूलक तालिम सञ्चालन गरेको छ । सोहीअन्तर्गत सूर्यज्योति माविमा सिलाइकटाइ तालिम सञ्चालन भएको विद्यालयका प्रधानाध्यापक निमु गिरीले बताए । "हाम्रो विद्यालयमा एक सय ८० घण्टे सिलाइकटाइ तालिम सञ्चालन गरेका छौँ", उनले भने, "कक्षा ९ का विद्यार्थी हेरक दिन बिहान ६:०० देखि ७:३० बजेसम्म सिलाइकटाइमा सहभागी हुन्छन् ।" विद्यालयले १५ सिलाइ मेसिन स्थानीय अभिभावकसँग सहयोग मागेर तालिम सञ्चालन गरेको छ । "गाउँपालिकाले पढ्दै कमाउँदै कार्यक्रमअन्तर्गत विद्यालयमा उपलब्ध गराउने रु ६२ हजार पाँच सयबाट एक जना प्रशिक्षक र आवश्यक सामग्री व्यवस्थापन गरेका छौँ", उनले भने । विद्यालयका विद्यार्थीलाई व्यावसायिक सीप सिकाउने कार्यक्रमले विद्यालय तह उत्तीर्ण गर्दा विद्यार्थीमा व्यावसायिक सीपको पनि विकास हुने हुँदा यो कार्यक्रम निकै प्रभावकारी हुने प्रअ गिरीले बताए । हुप्सेकोट गाउँपालिकाले गत शैक्षिकसत्रमा चारवटा विद्यालयमा सञ्चालन गरेको पढ्दै कमाउँदै कार्यक्रम अहिले १२ विद्यालयमा सञ्चालन गरेको छ । कक्षा ९ र ११ मा अध्ययनरत विद्यार्थीलाई एक सय ८० घण्टे सीपमूलक तालिम सञ्चालन गरिएको हुप्सेकोट गाउँपालिका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताए । "प्राविधिक तालिमकै लागि पालिकाले १२ विद्यालयलाई रु ६२ हजार पाँच सयका दरले रु सात लाख ५० हजार बजेट विनियोजन गरेको छ", उनले भने "यो वर्ष चार सय ५० विद्यार्थीले तालिम लिइरहेका छन् ।" पढ्दै कमाउँदै कार्यक्रम अन्तर्गत सिलाइकटाइ, इलेक्ट्रिसियन, मोबाइल मर्मत, प्लम्बर, ब्यूटीसियन, कपाल काट्ने तालिम सञ्चालन गरिएको अध्यक्ष पाण्डेले बताए । "कक्षा १२ उत्तीर्ण गर्दा विद्यार्थीले केही न केही व्यावसायिक सीप बोकेर निस्किउन् भन्ने नीतिका साथ नयाँ कार्यक्रम लागू गरिएको हो", उनले भने । पढ्दै कमाउँदै कार्यक्रमअन्तर्गत सञ्चालन भएको तालिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटीइभिटी)को तह दुई बराबरको रहेको अध्यक्ष पाण्डेले बताए । "तालिम सकिएपछि विद्यार्थीलाई सिटीइभिटीकै प्रमाणपत्र पनि उपलब्ध गराइने छ", उनले भने । हुप्सेकोट गाउँपालिकाको शिक्षा ऐनमा नै विद्यार्थीलाई प्राविधिक सीप सिकाउने बुँदा समेटिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत टंकनाथ घिमिरेले बताए । चालु आर्थिक वर्षमा गाउँपालिकाभित्रका संस्थागत विद्यालयमा पनि पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गर्ने तयारी गरिरहेका छौँ", उनले भने । सीपमूलक तालिम नियमित कक्षालाई असर नपर्ने गरी बिहान र साँझको समयमा सञ्चालन गर्न विद्यालयलाई समन्वय गरिएको घिमिरेले बताए । आर्थिकरूपले विपन्न समुदायका विद्यार्थीलाई यस्तो तालिमले धेरै सहयोग पुग्ने अपेक्षा गरिएको शिक्षा अधिकृत माधवराज गौतमले बताए । "यस क्षेत्रमा धेरै विद्यार्थी आर्थिकरूपले कमजोर छन्", उनले भने "यस्ता व्यावसायिक सीपले वैकल्पिक आयआर्जनमा सहयोग पुग्ने छ ।" पढ्दै कमाउँदै कार्यक्रमले विद्यालयमा विद्यार्थी टिकाउ दर बढेको नेपाल शान्ति मावि हुप्सेकोट-३ बेलाहानीका प्रधानाध्याक सूर्य भण्डारीले बताए । "हाम्रो विद्यालयका कक्षा ९ का ४० र कक्षा ११ का ३० विद्यार्थी प्लम्बिङ तालिममा सहभागी भएका छन्", उनले भने, "यही तालिमले गर्दा बीचमा पढाइ छाड्ने संख्या यो वर्ष छैन ।" *-रासस*

कक्षा १२ को नतिजाको सन्देश : शिक्षा प्रक्रिया बदल

गोविन्द पौडेल :

वैज्ञानिक अल्बर्ट आइन्स्टाइनको सुप्रसिद्ध कथन छ- 'एउटै तरिका पटक-पटक दोहोऱ्याएर फरक परिणामको अपेक्षा गर्नु मूर्खता हो ।' आइन्स्टाइनको यो भनाइ विज्ञानको क्षेत्रमा नयाँ आविष्कार गर्ने प्रक्रियामा मात्रै होइन हाम्रा व्यक्तिगत, सामाजिक, आर्थिक, व्यावसायिक, शैक्षिक क्षेत्रमा जहाँ फरक परिणाम अपेक्षा गरिन्छ त्यहाँ पनि लागू हुन्छ । केही दिनअघि कक्षा १२ को परीक्षाको नतिजा प्रकाशित गरिएको छ । विगतका वर्षहरूको जस्तै यस वर्ष पनि झण्डै आधा (४९ प्रतिशत) विद्यार्थी असफल (ननग्रेडिङ) मा दर्ज भएका छन् । राष्ट्रिय परीक्षा बोर्डले दाबी गरे जस्तो अघिल्लो वर्षभन्दा दुई प्रतिशत बढी विद्यार्थी उत्तीर्ण भइहाल्दैमा शिक्षामा सुधार आयो भन्न मिल्दैन । यसो त उत्तीर्ण विद्यार्थी एक/दुई प्रतिशत घटबढ हुनुले परिवर्तन आइहाल्यो भन्ने अर्थ दिंदैन । केही वर्षसम्म लगातार राम्रो प्रतिशतका साथ विद्यार्थी उत्तीर्ण हुने दर बढ्दै गएमा त्यतिबेला शिक्षामा सुधार हुँदै गयो भन्ने हिच्किचाइरहनु परेन । तर, यो राष्ट्रिय परीक्षाको नतिजामा आधा विद्यार्थी असफल हुनु देशको शिक्षा अवस्था कति नाजुक छ भन्ने तस्बिर छर्लङ्ग पारिदिएको छ ।

यो शिक्षा क्षेत्रको मात्रै सरोकारको विषय होइन । यो समग्र देशको विषय हो । देशको अवस्थाको प्रतिबिम्ब हो । यदि देशमा जिम्मेवार प्रधानमन्त्री र सरकार हुन्थ्यो भने तत्काल शिक्षाको नीतिगत तहमा काम गर्ने सबै सरोकारवाला पक्षलाई बोलाएर शिक्षा व्यवस्था जे-जसरी चलिरहेको छ त्यसलाई बदल्न लक्ष्य सहितको स्पष्ट मार्गचित्र सहित अग्रसर हुन्थे । तर, यसो भइरहेको छैन । यसको परिणाम धेरै वर्ष पछिसम्म पनि लाखौं विद्यार्थीले परीक्षामा असफलताको 'ट्याग' टाँस्नुपर्ने अवस्था देखिंदैछ ।

परीक्षाले विद्यार्थी भन्दा बढी शिक्षा प्रणाली जाँच्छ

ठूलो संख्यामा विद्यार्थी असफल हुँदै गर्दा देशको शिक्षा हाँक्ने र सञ्चालन गर्ने निकाय पनि असफल भएको बारे कमै मात्र बहस हुने गरेको छ । यसरी हरेक वर्ष विद्यालय र क्याम्पसमा उच्च संख्यामा विद्यार्थी असफल हुनुको अर्थ शिक्षा मन्त्रालय असफल भएको हो । शिक्षा मन्त्रालय हाँक्ने मन्त्री र नीति बनाउने त्यहाँका कर्मचारी असफल भएका हुन् । विश्वविद्यालयका पदाधिकारी असफल भएका हुन् । राष्ट्रिय परीक्षा बोर्ड असफल भएको हो । विद्यालय शिक्षा सञ्चालन गर्ने अधिकार पाएको स्थानीय निकाय असफल भएको हो । पाठ्यक्रम असफल भएको हो । शिक्षणको तौरतरिका असफल भएको हो । परीक्षाले विद्यार्थीको स्तर मात्र जाँच गर्दैन शिक्षाको नीति, पाठ्यक्रम, शिक्षण विधि, परीक्षा स्वयंको पनि जाँच गरेको हुन्छ । धेरै विद्यार्थी असफल हुनु र परीक्षामा पास भएका विद्यार्थीले पनि केही गर्न नसक्नुको सन्देश हो, शिक्षा प्रक्रिया असफल छ, यसको तौरतरिका बदल भनेको हो । समस्या एकातिर मात्रै छैन ।

पाठ्यक्रम, शिक्षकको क्षमता, शिक्षण विधि, परीक्षा प्रणाली सबैतिर केही न केही समस्या छ । शिक्षामा राजनीति, अपर्याप्त बजेट, लक्ष्यविहीन शिक्षा प्रणालीले देशलाई आवश्यक उत्कृष्ट मानव पूँजीको उत्पादन गर्नबाट छेकेको छ । तैपनि दशकौं अघिदेखिको शिक्षा प्रणाली आज पनि कायम छ । उही प्रक्रिया दोहोऱ्याएर फरक परिणाम हासिल हुन सक्दैनथ्यो, भएन ।

विद्यार्थीको भविष्यप्रति आशा र आत्मविश्वास दिने सरकार भएन

आज विद्यालयमा पढ्दै गरेको विद्यार्थीले आफ्नो वरिपरि सर्वत्र विश्वविद्यालय पढेर बेरोजगार दाइदिदीहरू देखेका छन् । कैयौं दाइदिदी उच्च शिक्षा लिएर पनि खाडी मुलुकदेखि कोरियासम्मका मुलुकमा श्रम गर्न उडिरहेको देखेका छन् । यसले आज विद्यालयमा पढ्न गएका विद्यार्थीमा पढे पनि स्वदेशमा भविष्य राम्रो छैन भन्ने सन्देश प्रवाह गरेको छ ।

त्यसैले कक्षा १२ सम्मका पढैया विद्यार्थी पनि अष्ट्रेलिया-अमेरिकाको सपना देख्दै पढिरहेका छन् । पढाइमा कमजोर वा पढ्न नखोज्ने विद्यार्थी 'खाडी देश जिन्दावाद' भन्दै आफ्नो सेतो शर्टमा कालो मसीले लेखेर पढ्नैपर्ने बाध्यताबाट मुक्त भएका छन् । सरकारले पढेपछि भविष्य सुन्दर छ भन्ने सन्देश दिन असफल छ । त्यसैले कोही विद्यार्थी किन पढ्नमा दु:ख गरोस् ? ठूलो संख्यामा विद्यार्थीको असफलताप्रति सामाजिक सञ्जालमा एउटा टिप्पणी भेटिएको थियो- 'विद्यार्थीले कोरियन भाषा ३ महिना पढ्छ र पास हुन्छ । तर १२ महिना विद्यालय पढ्दा पनि विद्यार्थी अंग्रेजीमा असफल हुन्छ ।' यस हुनुको कारण पनि कक्षाकोठाको शिक्षण र विद्यार्थीको प्रोत्साहनसँग जोडिएको छ भन्ने कुरामा स्पष्ट छ । कोरियन भाषा ३ महिना पढेपछि विद्यार्थीले महिनामा लाखौं कमाउने सम्भावनाको ढोका खुल्छ । ३ महिनाको कोर्सले विद्यार्थीलाई उज्ज्वल सपना देख्न प्रेरित गर्छ । त्यसले विद्यार्थीमा ऊर्जा र उत्साह थप्न सक्नेभयो । तर, हाम्रो औपचारिक शिक्षामा १२ कक्षा सकेर मात्रै होइन, स्नातक, स्नातकोत्तर सक्दा पनि भविष्य अन्योल र अनिश्चित छ । यसले विद्यार्थीको उत्साह भर्न सकेन । गतिला सपना देख्न प्रेरित गरेन । त्यसैले विद्यार्थी पढ्दैनन्, मात्र विद्यालयमा 'टाइम पास' गर्छन् ।

सानो कक्षादेखि नै कमजोर शैक्षिक जग

कुनै पनि विद्यार्थी माथिल्लो तहमा पास नै नहुने गरी यत्तिकै कमजोर हुँदैन । हाम्रा विद्यालयका कक्षाहरूमा सिकाइ नै कमजोर भएको कुरा विभिन्न अध्ययनले समेत देखाएकै छन् । त्यसको प्रभाव माथिल्लो कक्षामा पर्ने नै भयो । विद्यालयको शिक्षा मुलुकको भविष्यसँग जोडिएको विषय हो । शिक्षण तरिका नै बदल्ने गरी बजेट व्यवस्था र शिक्षकको सशक्तीकरण गर्नुपर्ने आवश्यकता एसईईदेखि कक्षा १२ सम्मको नतिजाले देखाइरहेका छन् । शिक्षकको निरन्तर पेशागत विकास नगरिकन शिक्षणमा सुधार हुँदैन । गाउँघरतिरका विद्यालयमा विषयगत शिक्षकको अभाव भएर अर्कै विषयको शिक्षकले पढाउनु परिरहेको छ । दक्ष शिक्षकको अभाव दिनप्रतिदिन बढ्दो क्रममा छ । त्यसैले विभिन्न जिल्लामा गणित/विज्ञान जस्ता विषयका शिक्षक नपाएर ९/१० पटक सम्म पनि विज्ञापन गरिरहनुपर्ने अवस्था सिर्जना भएको छ । यसले हाम्रो भविष्यको शिक्षामा थप कालो बादलका संकेतहरू देखा पर्दैछन् । अर्कोतिर, दशकौं अघि नियुक्ति भएका शिक्षकहरूका लागि नयाँ ज्ञान र प्रविधिसँग 'अपडेटेड' गराउने अर्थपूर्ण तालिम भइरहेका छैनन् । पहिले कक्षा १० सम्म सञ्चालन भइरहेका विद्यालयमा कक्षाकोठा थपेर १२ कक्षासम्म सञ्चालन गराइयो । त्यसका लागि शिक्षकको नयाँ दरबन्दी सिर्जना भएन । तल्लो तहमै पढाइरहेका शिक्षकले माथिल्लो कक्षामा जसरी-तसरी पढाइरहेको देखिन्छ । उनीहरूका लागि अध्ययन, अनुसन्धानको तालिम दिन स्थानीयदेखि केन्द्र सरकारको चासो देखिन्न । यसको प्रभाव कक्षाकोठा र त्यसको नतिजामा देखिने नै भयो । विश्वविद्यालय अन्तर्गतको शिक्षा संकायले शिक्षक उत्पादन गर्ने जिम्मा लिएको छ । अहिले त अब लगभग जुनसुकै संकाय पढेकाले पनि शिक्षक लाइसेन्स प्राप्त गर्ने व्यवस्था गरिएको छ । शिक्षाको क्षेत्रमा उत्कृष्ट परिणाम निकालेर विकासको उचाइमा पुगेका देशहरूमा शिक्षक उत्पादन गर्ने तौरतरिका निकै विशिष्ट छ । त्यहाँ पढाइमा अब्बल व्यक्तिलाई शिक्षक बन्न आकर्षित गरेर निकै मिहिनेतका साथ शिक्षक उत्पादन गरिन्छ । हामीकहाँ शिक्षक बन्न सजिलो भयो । यो पेशालाई बढी सामान्य ठानियो । चिकित्सा, इन्जिनियरिङ, न्याय क्षेत्रको पेशा जति विशिष्टीकृत बनाइन्छ त्यति शिक्षण पेशा भएन । राम्रो ज्ञान र तालिम नभएको डाक्टरले शरीर चिर्दा बिरामीको जीवन जति खतरामा पर्छ त्यस्तै खतरा अयोग्य शिक्षकलाई कक्षाकोठामा पठाउँदा विद्यार्थीको भविष्यमाथि हुन्छ । जो अहिले देखिइराखेको छ । अब्बल शिक्षकको उत्पादन र उसको निरन्तर पेशागत विकास गर्ने प्रणाली बसाल्नुपथ्र्यो । एसईईपछि विद्यार्थीले अनिवार्य विषय बाहेक आफ्नो रुचि अनुसारको विषय छनोट गर्न पाउँछ । आफूले रोजेको विषय पढ्दै गर्दा पनि यति ठूलो संख्यामा विद्यार्थी असफल हुनुलाई हलुका रूपमा लिने गल्ती सरकारले नगरोस् । माथि उल्लिखित समस्या हल गर्ने चेष्टा गरे मात्रै कालो बादलमा चाँदीको घेरा देखिन सक्नेछन् ।

-अनलाइन खबर डटकम

रोयल्टी रसिद प्रमाणीकरणपछि बोटे युवाहरुको धर्ना स्थगित

पाल्पा, भदौ १०/गिट्टी, बालुवा निकासीको रोयल्टी रसिद प्रमाणिकरणको माग गर्दै तीन दिनदेखि बगनासकाली गाउँपालिकाको कार्यालयमा धर्ना बस्दै आएका वडा -६, यम्घा दर्पुकका बोटे युवाहरुले धर्ना स्थगित गरेका छन् । आइतबार पालिकाले रोयल्टी रसिद प्रमाणिकरण गरेको प्रमाणित प्रतिलिपी दिएपछि उनीहरुले धर्ना स्थगित गरेका हुन् ।

राजश्व समितिको बैठक बसी पालिका अध्यक्ष सरस्वती चिदी (दर्लामी), उपाध्यक्ष हरिप्रसाद पाठक र प्रमुख प्रशासकिय अधिकृत बद्रीनाथ लम्सालले युवाहरुको आग्रह अनुसार रोयल्टी रसिद रुजु गरी प्रमाणित प्रतिलिपी दिएका छन् । ३५ वर्षीय दलबहादुर बोटे, २७ वर्षीय प्रकाश बोटे र ६८ वर्षीय लेखनाथ अधिकारीले नदीजन्य पदार्थ निकासीबापत ठेकेदारले काटेको रोयल्टी बापतको रसिद सक्कल भए, नभएको प्रमाणित गरिदिन माग गर्दै शुक्रबारदेखि धर्ना बसेका थिए । गाउँपालिकाले रोयल्टी बापतको बिल प्रमाणिकरण गर्न आइतबारको समय दिएपछि उनीहरु धर्ना बसेका हुन् । वडाका वडाअध्यक्ष लक्ष्मी अधिकारीले डम्पिंग गरेको भन्दै कार्यपालिकाले एक महिना पहिला वडाअध्यक्ष अधिकारीलाई जरिमाना गर्ने निणर्य गरेको थियो ,तर डम्पिंग गरिएको बालुवा वडाअध्यक्षको नभएको भन्दै वडाका ति बोटे युवाहरुले आफुहरुले रोयल्टी तिरेर ल्याएको बताउँदै आएका थिए । उनीहरुको बिल नक्ली रहेको भन्ने विषय बाहिर आएपछि ति युवाहरु रसिद प्रमाणिकरणका लागि पालिका पुगेका हुन् । युवाहरुले दिएको निवेदन र ठेकेदारले काटेको रोयल्टी बापतको रसिद रुजु गर्दा एउटै देखिन आएको स्रोतले जनाएको छ ।

तानसेनमा लायन्स अन्तर्राष्ट्रियको पदस्थापनसँगै प्रशिक्षण

BIG TEAM HONOUR, INDUCTION
MEGA INSTALLATION PROGRAM

पाल्पा, भदौ १०/जिल्लाको तानसेनमा लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक ३२५ पी एरिया २ को आयोजनामा पदस्थापना तथा प्रशिक्षण कार्यक्रम गरिएको छ । जिल्लाको एरिया २ अन्तर्गत रहेका १२ वटा लायन्स क्लब र दुई वटा लियो क्लबको पदस्थापना र प्रशिक्षण कार्यक्रम भएको हो ।

कार्यक्रममा प्रमुख अतिथि लायन्स क्लब ईन्टरनेशनल डिष्ट्रिक ३२५ बी २ का डिष्ट्रिक गर्भनर लायन्स पीएमजेफ अर्जुनमान शैजुले एरिया २ पाल्पा अर्न्तगतका २०२३/२०२४ का पदाधिकारीलाई पदस्थापन गर्नुका साथै नयाँ सदस्यहरुको इन्ड्रक्सन गराएका थिए । उनले पदाधिकारी तथा सदस्यहरुहरुलाई पदस्थापन सँगै इन्ड्रक्सन गर्दै लायनवादको मूलमर्म अनुसार आफ्ना परियोजना अघि बढाउन निर्देशन दिए । विभिन्न क्षेत्रमा स्थापित प्रबुद्ध व्यक्ति सहभागी लायन्स क्लबले छोटो समयमै आफूलाई अब्बल क्लब सावित गर्नेमा आफू आशावादी रहेको गर्भनर शैजुले बताए । कार्यक्रममा फस्ट भ्वाईस गर्भनर लायन्स एमजेफ पुरुषोत्तम भक्त प्रधानौं, सेकेण्ड भिजिटी लायन्स पीएम जेफ बालाराम भट्टराई, डिष्ट्रिक, अर्नरी एडभाइजर लायन्स बुद्धिप्रसाद शर्मा लगायतले क्लवको सफलताको शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा १२ क्लव र २ लियोका अध्यक्ष, प्रथम उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई प्रशिक्षण समेत दिइएको थियो । उनीहरुलाई संस्थागत विकास गर्न के गर्ने ? कसरी कार्यक्रम बनाउने, कसरी कार्यान्वयन गर्ने, आर्थिक कारोबार कसरी पादर्शी राख्ने, सेवा प्रवाह कसरी गर्ने जस्ता विषयमा प्रशिक्षण दिइएको थियो । उनीहरुलाई प्रशिक्षक ग्लोबल एक्सन टिमका अनिल श्रेष्ठ, सञ्जिव कसौधन, डिष्ट्रिक सेक्रेटरी दिने श्रेष्ठ, भूपति न्यौपाने लगायतले प्रशिक्षण दिएका थिए ।

गर्भनर टिम सम्मानित

यस्तै गर्भनर टिमलाई सम्मान गरिएको छ । २०२३/०२४ का ५ जना गर्भनर टिमलाई सम्मान गरिएको हो । सम्मानित हुनेहरुमा लायन्स क्लब ईन्टरनेशनल डिष्ट्रिक ३२५ बी २ का डिष्ट्रिक गर्भनर लायन्स पीएमजेफ अर्जुनमान शैजु, फस्ट भ्वाईस गर्भनर लायन्स एमजेफ पुरुषोत्तम भक्त प्रधानौं, सेकेण्ड भिडिजी लायन्स पीएम जेफ बालाराम भट्टराई, डिष्ट्रिक सेक्रेटरी लायन्स विनोद खरेल, डिष्ट्रिक ट्रेजर लायन्स एमजेफ सन्दीप कसौंधन रहेका छन् ।

एरिया २ का चिफ लायन्स एमजेफ भिमबहादुर श्रेष्ठको अध्यक्षता, रिजन चियर पर्सन लायन्स गंगाबहादुर खत्रीको धन्यवाद, एरिया २ का सेक्रेटरी लायन्स अशेष भट्टराईको सञ्चालनमा कार्यक्रम भएको थियो ।

स्याङ्जाको छुर्पी अमेरिका...

...'कृषकलाई ५० प्रतिशत अनुदानमा कृषि सामग्री, लहरेबालीका बीउबिजन, घाँसका बिरुवा वितरण गर्दै आएका छौँ', उनले भनिन्, 'बाखापालक कृषकलाई बोयर बोका, एक सय ५० किलोदेखि माथि अदुवा लगाउने कृषकलाई किलोमा २५ अनुदान दिँदै आएका छौँ ।' प्रबन्धक रेग्मीले प्रधानमन्त्री कृषि आनुनिकीकरण परियोजनासँगको सहकार्यमा गत आर्थिक वर्षमा १० जना कृषकलाई 'भैंसी अनुदान कार्यक्रम' अन्तर्गत ५० प्रतिशत अनुदान उपलब्ध गराएको बताइन् । उनले २८ जना कृषकलाई 'भकारो सुधार कार्यक्रम' अन्तर्गत अनुदान वितरण गरिएकोसमेत जानकारी दिइन् । विसं २०७५ मा स्थापन भएको सहकारीमा दुई हजार आठ सय ५० शेयर सदस्य रहेका छन् । सहकारीले चालु आर्थिक वर्षमा पशुधन सुरक्षण कार्यक्रम अन्तर्गत नि:शुल्क पशु बीमा कार्यक्रम सञ्चालन गर्ने निर्णयसमेत गरेको छ । कृषि पेसातर्फ किसानलाई आकर्षित गर्दै रोजगारीको सिर्जना गर्ने उद्देश्यले कृषकलाई अनुदान दिँदै आएको प्रबन्धक रेग्मीको भनाइ छ । 'हिजोआज वित्तीय संस्थाहरूले ऋण लगानी गर्ने र ब्याजमार्फत मुनाफा आर्जन गर्ने परम्परा चलिरहेको छ', उनले भनिन्, 'यो अवस्थामा परिवर्तन ल्याएर कृषकलाई आत्मनिर्भर र स्वरोजगार बनाउने योजनाअनुसार सहकारीले काम गरिरहेको छ ।' रेग्मीले सहकारीले कृषकमुखी कार्यक्रम सञ्चालन गर्दा वैदेशिक रोजगारमा जान ठिक्क परेकाहरू रोकिने गरेको सुनाइन् । उनले कृषकलाई अकला नमूना साना किसान कृषि सहकारीमा जोडिएर स्वरोजगार बन्न आग्रह गरिन् । ***-रासस***

खेलकुद समाचार

सन्दीप एसिया कप खेल्न आज पाकिस्तान जाने

काठमाडौं, भदौ १०/नेपाली राष्ट्रिय क्रिकेट टिमका लेग स्पिनर सन्दीप लामिछाने एसिया कप खेल्न आज सोमबार पाकिस्तान जाने भएका छन् ।

जिल्ला अदालत काठमाडौंमा विचारधीन रहेको उनीमाथिको बलात्कार आरोपको मुद्दा आइतबार हेर्न नभ्याइएका कारण उनको पेशी भदौ २१ गतेलाई सरेको छ । पेशी सरेपछि सन्दीप भोलि नै एसिया कपका लागि पाकिस्तान उड्ने सन्दीपका वकिल सरोजकृष्ण घिमिरेले जानकारी दिएका हुन् । 'उहाँ आज बिहान नै पाकिस्तान जाने भन्ने कुरा भएको छ । टिकटको कुरा क्यानबाट कनफर्म हुन बाँकी छ', उनले भने । नेपाल क्रिकेट संघ क्यानका अध्यक्ष चतुरबहादुर चन्दले पनि सन्दीप संभवत भोलि पाकिस्तान जाने बताए । नेपालको बाँकी टिम भने भदौ ५ गते नै पाकिस्तान गइसकेको छ । र नेपालले त्यहाँ अभ्यास गरिरहेको छ । नेपालले एसिया कपमा समूह चरणमा पाकिस्तान र भारतसँग खेल्नेछ । नेपालले एसिया कपको पहिलो खेल पकिस्तानसँग अगष्ट ३०(भदौ १३) मा मुलतानमा खेलनेछ । नेपालले भारतसँगको खेल भने सेप्टेम्बर ४ (भदौ १८) मा श्रीलंकामा खेल्नेछ ।

बिमालेख हराएको सूचना

यहि मिति २०८०/०३/२५ गतेका दिन **यशियन लाइफ इन्स्योरेन्स कम्पनी, लिमिटेड**को शान्ति कुमार बुढा मगरको नाममा जारी बिमा (पोलिसी) नम्बर ६३१२००१६२६५को बिमालेख दाङदेखि पाल्पातर्फ आउँदै गर्दा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा सम्बन्धित शाखामा जानकारी दिनुहुन अनुरोध छ ।

नाम : शान्ति कुमार बुढा मगर
ठेगाना : घोराही-१०, फुर्सकाली, दाङ
सम्पर्क नं. : ९८४७५६९५९१

बिमालेख हराएको सूचना

यहि मिति २०८०/०३/२५ गतेका दिन **यशियन लाइफ इन्स्योरेन्स कम्पनी, लिमिटेड**को सन्दिप बुढा मगरको नाममा जारी बिमा (पोलिसी) नम्बर ६३१२००१६२५१को बिमालेख दाङदेखि पाल्पातर्फ आउँदै गर्दा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा सम्बन्धित शाखामा जानकारी दिनुहुन अनुरोध छ ।

नाम : सन्दिप बुढा मगर
ठेगाना : घोराही-१०, फुर्सकाली, दाङ
सम्पर्क नं. : ९८४७५६९५९१

अर्थ/कर्पोरेट समाचार

आइपिओ जारी गर्दै भिजन लुम्बिनी



पाल्पा, भदौ १०/सेती नदी जलविद्युत आयोजनाको प्रवर्द्धधक भिजन लुम्बिनीले प्रभावित क्षेत्रका स्थानीयवासी र वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि कम्पनीको प्राथमिक सेयर (आइपिओ) जारी गर्न लागेको छ । कम्पनीले कास्कीको माछापुच्छे गाउँपालिकामा निर्माणाधीन २५ मेगावाट क्षमताको सेती नदी जलविद्युत आयोजनाको लागि यही भदौ १९ गतेदेखि आइपिओ जारी गर्न लागेको हो ।

आयोजनाको प्रभावित क्षेत्रका रूपमा रहेका माछापुच्छे गाउँपालिकाको वडा नं १, २, ३, ४ र पोखरा महानगरपालिका वडा नं १९ का स्थानीय बासिन्दाले कम्पनीको आइपिओमा आवेदन दिन सक्ने छन् । कम्पनीले १९ करोड १२ लाख ५० हजार बराबरको १९ लाख १२ हजार पाँच सय कित्ता सेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाका लागि निष्कासन गर्न लागिएको जनाएको छ । यो कम्पनीको पुँजीको १० प्रतिशत हो । सर्वसाधारणलाई छुट्याइएको सेयरको १० प्रतिशतले एक लाख ९१ हजार दुई सय ५० कित्ता साधारण सेयर भने बैदेशीक रोजगारमा रहेका नेपालीका लागि निष्कासन गरिने छ । कम्पनीका अनुसार आयोजना प्रभावित क्षेत्रका बासिन्दाले अधिकतम्मा तीन लाख ८० हजार कित्ता र वैदेशिक रोजगारीमा रहेका नेपालीले अधिकतम् १९ हजार एक सय २० हजार कित्ता सेयरका लागि आवेदन दिन सक्नेछन् । वैदेशिक रोजगारीमा रहेका नेपाली नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरेको हुनुपर्ने छ । आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाका लागि निष्कासन बन्द छिटोमा असोज २ गते र ढिलोमा असोज १७ गते हुनेछ । वैदेशिक रोजगारीमा रहेका नेपालीले भने असोज २ गतेभित्र आवेदन दिनुपर्ने बताइएको छ । आइपिओ निष्कासन तथा बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल लिमिटेड रहेको छ ।

शिक्षक आवश्यकता

प्रकाशित मिति : २०८०/०५/१०

प्रस्तुत विषयमा यस विद्यालयको व्यवस्थापन समितिको मिति २०८०/०५/०८ गतेको निर्णय तथा रैनादेवी छहरा गाउँपालिकाको २०८०/०५/१० गते च.नं १५८ को सिफारिस पत्र र शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको २०८०/०५/१० गते च.नं १६७ को अनुमति पत्रानुसार तपसिल अनुसारको शिक्षकको अस्थायी करार नियुक्तिको लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट देहायको विज्ञापनको लागि दरखास्त आह्वान गरिन्छ ।

तपशिल :
विज्ञापन नं. : ०१/२०८०/०८१, **पद :** करार शिक्षक,
संख्या : १ जना, **तह :** प्रा.वि.
न्युनतम शैक्षिक योग्यता : आइ.एड वा सो सरह
उमेर : १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको
तलब भत्ता : नेपाल सरकारले तोके अनुसार
निवेदन दिनुपर्ने मिति : २०८०/०५/१० गते देखि २०८०/०५/२४ गते विद्यालय समयसम्म
सम्पर्क मिति : २०८०/०५/२५ गते (कार्यालय समय भित्र)
परीक्षा मिति र स्थान : सम्पर्क मितिमा तोकिने छ ।
परीक्षाको किसिम : लिखित र अर्न्तवार्ता, **निबेदन दस्तुर :** रु ५००/-
पेश गर्नुपर्ने आवश्यक कागजातहरु : नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र स्थाई अध्यापन अनुमति पत्रको प्रतिलिपि र निरोगितको प्रमाणपत्र प्रतिलिपी २/२ प्रति परीक्षाको दिन सक्कल प्रमाणपत्र उपलब्ध गराउनुपर्ने ।
थप जानकारीको लागि सम्पर्क : ९८४७४७५५७१, ९८५७०३५१७६
नोटः शिक्षक सेवा आयोगको करार सुचिको उम्मेदवारको दरखास्त आएमा नियम अनुसार नियुक्ति ।

श्री सुबोध प्राथमिक विद्यालय
रैनादेवी छहरा-४, सल्लेधारा, तिनधारे, पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जंनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई